हेलम्बु गाउँपालिका
स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ६ मिति : २०८१/०६/१५

भाग :
हेलम्बु गाउँपालिका
हेलम्बु, सिन्धुपाल्चोक

# लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन निर्देशिका, २०८१

गाउँ कार्यपालिकाबाट जारी मिति : २०८१/०६/१५

(क) **पृष्ठभूमि** : आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदाय र व्यक्तिहरुलाई विभिन्न प्रतियोगितात्मक परीक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउँदै सरकारी सेवा प्रवेशमा जागरुक गराई सरकारी सेवा प्रवेश प्रतिको सकारात्मक भावना अभिवृद्धि गराउने उद्देश्य अनुरुप हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकले आर्थिक वर्ष २०८१/८२ को बजेटमा विभिन्न प्रतियोगितात्मक परीक्षाहरुमा सहभागी हुन इच्छुक समुदाय र व्यक्तिहरुका लागि प्रतियोगितात्मक परीक्षा तयारी कक्षा सञ्चालन गर्ने बजेट व्यवस्था गरिएको छ।

१. **तयारी कक्षा सञ्चालनको उद्देश्य** : लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालनको माध्यमबाट निश्चित योग्यता पुगेका महिलाहरुको सरकारी सेवा प्रवेशमा सशक्तिकरण गर्ने।

२. **कार्यक्रमको लागि लक्षित समूह** : यसरी प्रतियोगितात्मक तयारी कक्षा सञ्चालन गर्दा हेलम्बु गाउँपालिका भित्रका सबै वडाका लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षामा सहभागी हुन चाहने तथा निश्चित योग्यता पुगेका समुदाय र व्यक्तिहरु (जसमा आदिवासी जनजाति, दलित, महिला, अपाङ्गता भएका, आर्थिक अवस्था कमजोर भएका, द्वन्द्व पिडित तथा यस भन्दा पहिला यस सम्बन्धी तालिमको अवसर नपाएका समुदाय र व्यक्तिहरुलाई विशेष प्राथमिकतामा राखिनेछ।) लाई सहभागी गराइनेछ।

३. प्रशिक्षार्थीहरुलाई देहाय बमोजिम प्राविधिक तथा अप्राविधिक विषयमा तपसिल बमोजिम प्रशिक्षण गरिनेछ।

तपसिलः

| क्र.सं. | सेवा | विषय | तालिम सञ्चालन हुने तह | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय लोक सेवा आयोग | प्राविधिक तथा अप्राविधिक | खरिदार, सुब्बा तथा शाखा अधिकृत वा सो सरह | कुल जम्मा १० | खुला सूचनाद्धारा सहभागी छनोट गरिने |
| २. | प्रदेश लोक सेवा आयोग | प्राविधिक तथा अप्राविधिक | चौथो तहदेखि सातौ तहसम्म वा सो सरह | कुल जम्मा १५ | खुला सूचनाद्धारा सहभागी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | छनोट गरिने |
| ३. | शिक्षक सेवा आयोग | सबै विषय | प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक तह | प्रत्येक तहको ५/५ जना गरी कुल जम्मा १५ जना | खुला सूचनाद्धारा सहभागी छनोट गरिने |

४. प्रशिक्षार्थीहरुको कोटा निर्धारण गर्दा तयारी कक्षालाई समावेशी बनाउन आदिवासी जनजाति, महिला, दलित, अपाङ्ग, द्धन्द्ध पिडित तथा आर्थिक अवस्था कमजोर भएका समुदाय र व्यक्तिहरुलाई विशेष प्राथमिकता राखी प्रशिक्षार्थीहरुको छनोट गरिनेछ।

**नोट** ः उल्लेखित समूहले आफ्नो समूह प्रमाणित हुने कागजात पेश गर्नुपर्नेछ।

**५. कार्यक्रम कार्यान्वयन प्रक्रिया** ः (१) यस कार्यक्रम गाउँपालिकाबाट सिधै कार्यान्वयन हुनेछ।
(२) कार्यक्रम अनलाइन वा भौतिकमा आधारित हुनेछ।
(३) गाउँपालिकाले लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गर्ने संस्थासँग सम्झौता गरी तोकिएको पद, तह र सहभागी संख्यालाई सबै पत्रको पूरै कोर्सको तालिम सञ्चालन गराउनु पर्नेछ।
(४) कार्यक्रम आवश्यकता अनुसार जुनसुकै समय बिहान, दिउँसो र बेलुका सञ्चालन गर्न सकिनेछ।

**६. सूचना प्रकाशन गर्ने** ः तयारी कक्षामा सहभागी हुन चाहने सहभागीहरुको लागि सूचना प्रकाशन गरिनेछ। उक्त सूचना गाउँपालिकाको वेवसाइट तथा फेसबुक पेजमा समेत सार्वजानिक गरिनेछ।

**७. निवेदन दिने ढाँचा** ः तयारी कक्षामा सहभागी हुन चाहने सहभागीहरुले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

**८. विषयवस्तु निर्धारण सम्बन्धी व्यवस्था** ः तयारी कक्षा सञ्चालन सम्बन्धी विषयवस्तु लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रममा आधारित रही सञ्चालन गरिनेछ।

**९. गाउँपालिका स्तरीय समिति गठन सम्बन्धी व्यवस्था** ः तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यक्रमलाई थप व्यवस्थित गर्नको लागि गाउँपालिकामा एक समिति गठन हुनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ः
(क) संयोजक - प्रमुख प्रशासकीय अधिकृत
(ख) सदस्य - लेखा शाखा प्रमुख
(ग) सदस्य - प्रशासन वा योजना शाखाको प्रमुख
(घ) सदस्य - स्वास्थ्य शाखा प्रमुख
(ङ) सदस्य - प्राविधिक शाखा प्रमुख
(च) सदस्य - कृषि विकास शाखा प्रमुख
(छ) सदस्य - पशु विकास शाखा प्रमुख
(ज) सदस्य - महिला तथा बालबालिका शाखा प्रमुख
(झ) सदस्य सचिव - शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

**१०. समितिको काम, कर्तव्य र अधिकार :** दफा ९ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) तालिमका लागि प्रशिक्षार्थीहरु छनोट गर्ने

(ख) तालिम सञ्चालनका लागि प्रशिक्षकहरुको व्यवस्था गर्ने

(ग) तालिमका प्रशिक्षार्थीहरु छनोटका लागि आवश्यकता अनुसार वडा कार्यालयसँग समन्वय गर्ने

(घ) आवश्यकता अनुसार तालिम लिने सहभागीहरुको निवेदन धेरै पर्न आएमा अन्तर्वार्ताका माध्यमबाट सहभागी छनोट गर्ने ।

(ङ) समितिले तालिम सञ्चालन सम्बन्धमा अन्य व्यवस्थापन लगायतका कार्यहरुका लागि आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ।

(च) तालिमको नियमित अनुगमन तथा प्रतिवेदन गर्ने ।

**११. कार्यक्रमका सहभागी तथा खर्च गर्ने आधारहरु :** गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमको लागि दफा ९ मा भएको व्यवस्था बमोजिमको समितिले निर्धारण गरे अनुसार सहभागी संख्या तय गरिनेछ र सोही आधारमा तालिम लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी गर्ने तालिम प्रदायक संस्थासँग सम्झौता गरी अनुसूची-२ मा उल्लेख भए बमोजिम खर्च व्यवस्थापन गरिनेछ । तर सेवा प्रदायकले प्रस्तावनामा सो भन्दा कमको लागत पेश गरेमा सोही प्रस्तावना बमोजिम खर्च निर्धारण हुनेछ। तालिम लिने व्यक्ति विना सूचना एक हप्तासम्म तालिम नलिएमा निजको सो वापतको खर्च गाउँपालिकाले उपलब्ध गराउने छैन। स्वयम व्यक्तिले गर्नुपर्नेछ। र निजको स्थानमा वैकल्पिक रहेको व्यक्तिलाई सहभागी गराइनेछ।

**१२. तालिम प्रदायक संस्थाको छनोट :** गाउँपालिकाले लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी गर्ने संस्थाहरुलाई तयारी कक्षा सञ्चालन गर्नका लागि आर्थिक, व्यवस्थाकीय तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिनेछ । तोकिएको समयावधिभित्र प्राविधिक र आर्थिक प्रस्ताव पेश गरेका संस्थाहरु मध्येबाट गाउँपालिकाबाट तयारी कक्षा सञ्चालन गर्ने संस्था छनोट गरी अनुसूची ३ बमोजिम सम्झौता गरिनेछ । गाउँपालिकाले लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी गर्ने भिन्न भिन्नै संस्था पनि आवश्यकता र प्रभावकारिताका आधारमा छनोट गर्न सकिनेछ।

**१३. तालिम प्रदायक संस्थाको काम, कर्तव्य र अधिकार :** गाउँपालिकाबाट छनोट भएका तालिम प्रदायक संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिकासँग भएको सम्झौता अनुरुप कार्य गर्ने गराउने

(ख) कुनै सहभागी लगातार तीन दिनसम्म अनुपस्थित भएमा गाउँपालिकामा जानकारी गराउने

(ग) सहभागीहरुको दैनिक तथा अन्तिम प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्ने

(घ) लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगले तोकिएको पाठ्यक्रममा आधारित भई सबै पत्रको पूरै कोर्सको तयारी गराउने

(ङ) गाउँपालिकाले मागेको सूचना प्रदान गर्ने र समन्वय गर्ने ।

**१४. सहभागीहरुको काम, कर्तव्य र अधिकार :** गाउँपालिकाबाट छनोट भएका सहभागीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नियमित तोकिएको समयमा नियमित उपस्थित हुने

(ख) बाधा अड्चन भएमा गाउँपालिका र तयारी गराउने संस्थासँग समन्वय गर्ने

(ग) लोक सेवा आयोग र शिक्षक सेवा आयोगले प्रकाशन गरेको सूचना बमोजिम आवेदन दिइ परीक्षामा सहभागी हुने

(घ) गाउँपालिका र तयारी गराउने संस्थाले तोकिएको कार्य गर्ने ।

**१५. सहभागीहरुको योग्यता र उमेर** : तालिममा सहभागी हुने प्रशिक्षार्थीहरुको योग्यता र उमेरको हद लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

**१६. अनुगमन सम्बन्धी व्यवस्था** : तालिम अनुगमन आवश्यकता अनुसार गाउँपालिकाबाट हुनेछ।

**१७. विविध** : यस निर्देशिका बमोजिम अख्तियारी प्राप्त गरी कार्यक्रम कार्यान्वयन गर्ने शिक्षा, युवा तथा खेलकुद शाखाले कार्यक्रम सञ्चालन सम्बन्धी प्रगति प्रतिवेदन गाउँपालिकामा पठाउनु पर्नेछ।

**१८. बाधा अड्काउ फुकाउने अधिकार** : निर्देशिका अनुरुप कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१९. संशोधन एव्म हेरफेर** : यस निर्देशिकामा संशोधन एवम् हेरफेर गर्न आवश्यक ठानेमा गाउँपालिकाले आवश्यक संशोधन एवम् हेरफेर गर्न सक्नेछ।

## अनुसूची -१

### दफा ७ सँग सम्बन्धित
### हेलम्बु गाउँपालिकाद्धारा सञ्चालित लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षाका लागि आवेदन फाराम

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक ।

**विषय : तयारी कक्षामा सहभागी हुन पाउँ ।**

प्रस्तुत विषयमा ......... जिल्ला ........... हेलम्बु गाउँपालिका वडा नं. ........ निवासी वर्ष .............. को म .............................. लाई तहाँ कार्यालयबाट मिति २०८१/.../... मा प्रकाशित सूचना बमोजिम तयारी कक्षामा सहभागी हुन इच्छुक भएकोले उक्त तालिममा सहभागी गराइदिनुहुन अनुरोध गर्दछु। साथै विस्तृत विवरण निम्नानुसार रहेको व्यहोरा समेत अनुरोध छ।

निम्नानुसार :

नाम :
स्थायी ठेगाना :
हालको ठेगाना :
जाति :
जन्ममिति : शैक्षिक योग्यता : उत्तीर्ण गरेको साल :
प्राप्तांक प्रतिशत/जी.पी.य. :
यस अगाडी तयारी कक्षामा सहभागी भएको/नभएको :
लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगको कुनै पनि परीक्षामा सहभागी भएको छ/छैन :
तालिम लिन चाहेको माध्यम (अनलाइन वा भौतिक उपस्थिति) :
तालिम लिन चाहेको पद : तह : सेवा : समूह : उपसमूह :
तालिम लिन चाहेको विषय :
विषय (प्राविधिक/अप्राविधिक) :

निवेदक
नाम, थर :
हस्ताक्षर :
सम्पर्क नम्बर :
इमेल :
मिति :

अनुसूची -२

दफा ११ सँग सम्बन्धित

**खर्च गर्ने आधारहरु**

| **क्र.सं.** | **पद** | **खर्च** | **कैफियत** |
|---|---|---|---|
| १. | शाखा अधिकृत वा सो सरह | १५,००० प्रति व्यक्ति | पूरा कोर्स सबै पत्र |
| २. | नायव सुब्बा वा सो सरह | १०,००० प्रति व्यक्ति | पूरा कोर्स सबै पत्र |
| ३. | खरिदार वा सो सरह | १०,००० प्रति व्यक्ति | पूरा कोर्स सबै पत्र |

## अनुसूची-३
## (दफा १२ सँग सम्बन्धित)
## तालिम प्रदायक संस्थासँग गाउँपालिकाले गर्नुपर्ने सम्झौता पत्रको ढाँचा

हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक (यसपछि प्रथम पक्ष भनिनेछ) र ............ जिल्ला ........ गा.पा./न.पा./उ.म.न.पा/म.न.पा. वडा नम्बर स्थित श्री ............................(यसपछि दोस्रो पक्ष भनिनेछ) बिच लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग अनलाइन/भौतिक रुपमा मिति ...................देखि मिति .................... सम्म .......................... तयारी कक्षा सञ्चालन गर्नका लागि गरेको सम्झौता पत्र ।

**(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरु :**

(क) तालिम पूरा भएपछि लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन निर्देशिका, २०८१ बमोजिमको रकम दोस्रो पक्षलाई उपलब्ध गराउने ।
(ख) तालिमको नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने ।
(ग) तालिममा सहभागीहरुको विवरण दोस्रो पक्षलाई उपलब्ध गराउने ।
(घ) दोस्रो पक्षसँग नियमित समन्वय गर्ने ।

**(२) दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु :**

(क) लोक सेवा आयोग र शिक्षक सेवा आयोगको तोकिएको पदका लागि निर्धारित गरिएको पाठ्यक्रममा आधारित भएर तयारी कक्षा सञ्चालन गर्ने
(ख) सहभागीहरुको दैनिक हाजिरी विवरण तयार गरी गाउँपालिकामा पेश गर्ने
(ग) तोकिएको पदका लागि तोकिएको पाठ्यक्रमको सबै पत्रको सबै विषयवस्तु (पूरै कोर्स) नियमिति तयारी कक्षा सञ्चालन गर्ने
(घ) कुनै सहभागी लगातार तीन दिनसम्म अनुपस्थित भएमा गाउँपालिकामा जानकारी गराउने र पन्ध्र दिनसम्म अनुपस्थित भएमा अर्को वैकल्पिक उम्मेदवारलाई सहभागी गराउने
(ङ) निरन्तर गाउँपालिकासँग समन्वय गर्ने र गाउँपालिकाले दिइएको पृष्ठपोषण कार्यान्वयन गर्ने
(च) तालिम सकिएपश्चात अन्तिम प्रतिवेदन गाउँपालिकामा पेश गर्ने
(छ) गाउँपालिकाले माग गरेको आवश्यक कागजात गाउँपालिकामा पेश गर्ने ।

**दोस्रो पक्षको तर्फबाट**
नाम :
ठेगाना :
दस्तखतः
मिति :

**प्रथम पक्षको तर्फबाट**
नाम :
ठेगाना :
दस्तखत :
मिति :

**रोहवर**
नाम :
ठेगाना :
दस्तखतः
मिति :

**रोहवर**
नाम :
ठेगाना :
दस्तखत :
मिति :